स्थानीय सरकार

# महाकुलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

प.सं.: २०८१/०८२

स्थाः २०७३

च.नं. :

कोशी प्रदेश, नेपाल

### सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सुचना

*प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५*

यस महाकुलुङ गाँउपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन नेपालसँगको त्रीपक्षीय लागत साझेदारीमा सञ्चालन भइरहेको "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम"को लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग गरिएका विवरणका साथ तोकिएको परीक्षा दस्तुर तिरी सक्कलै भौचर/रसिद सहित यस गाउँ कार्यपालिकामा दरखास्त दिनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. विज्ञापन नं., पद र माग संख्याः

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | १२/२०८१-८२ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको, |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

(क) नेपाली नागरिक,

(ख) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने । तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(ग) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(घ) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(ङ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।— (पच्चिस हजार रुपैयाँ मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उम्मेद्वारको उमेर

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८१/१२/२९) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।



नि.प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
ᤕᤠᤰᤌᤢᤱ ᤀᤠᤱᤒᤠᤗᤤᤳ
# महाकुलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
स्था: २०७३

प.सं.: २०८१/०८२
च.नं. :

कोशी प्रदेश, नेपाल

(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम (अर्थात् मिति २०८१/१२/२९) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

६. उम्मेद्वारको छनोट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान

(क) महाकुलुङ गाँउपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी यसै पालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय –पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

८. परीक्षा दस्तुरः रू ५००।

९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः एभरेष्ट बैंङ्क लिमिटेड, महाकुलुङ शाखा कार्यलय, सोलुखुम्बुमा यस कार्यलयको नाममा रहेको GA-1.1 AANTARIK RAJASWA KHATA MAHAKULUNG GA.PA. खाता नं. ०८३००१०६२०००००८, राजस्व शिर्षक नं. १४२२४ मा जम्मा गरी सक्कलै भौचर समेत संलग्न गरी mahakulung.rum@gmail.com मा इमेल वा व्यक्ति स्वयम उपस्थित भई आवेदन दिन सकिनेछ।

१०. दरखास्त फाराम भर्ने मितिः मिति २०८१/१२/१५ देखी २०८१/१२/२९ सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र टेलिफोन गरी जानकारी गराइने छ। साथै यस पालिकाको सूचनापाटीमा समेत टाँस गरिने छ।

१२. पाठ्यक्रमः दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१४. महाकुलुङ गाउँपालिकाले तोकेको दरखास्त फारममा सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको २ प्रति फोटो टाँस अनिवार्य गरी निवेदन बुझाउनु पर्नेछ।

१५. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार पालिकालाई हुनेछ।

........................ २०८१।१२।१५

खरिधन राई
(आधिकृतस्तर आठौं)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना तथा प्रविधि शाखा (वेभसाइट तथा फेसबुक पेजमा प्रविष्ट गरिदिनहुन)